# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

## भरतपुर, चितवन



# वार्षिक प्रतिवेदन

## आ. व. २०७४।०७५

# विषयवस्तु

१. पृष्ठभूमि ........ 3
२. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठन ........ 4
३. शुरुदेखि हालसम्म वोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकिय कार्यहरु ........ 5
४. शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्माण भएको प्रणालीको खर्च तथा ऋण सम्बन्धि संक्षिप्त विवरण ........ 6
५. खानेपानी सेवा प्रणालीको संक्षीप्त विवरणः ........ 7
६. भरतपुर महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०७४ आषाढ मसान्त सम्म ) ........ 8
७. बोर्डको वर्तमान तथा भावी कार्ययोजना ........ 9
८. कर्मचारी व्यवस्था ........ 10
९. भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आ.ब. २०७३।०७४ आम्दानी खर्चको स्थिति ........ 10
१०. आ.व.२०७४-०७५ मा बोर्डवाट गरिएका मुख्य मुख्य कार्यहरु ........ 12
११. यस वोर्डले आ.व.२०७५।७६ मा गर्नुपर्ने कार्यहरु ........ 16
१२. भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators) ........ 18
अनुसूची १ ........ 20

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन

**आ.ब. २०७४/०७५ को वार्षिक प्रतिवेदन**

## १. पृष्ठभूमि

भरतपुर महानगरपालिका उच्च जनसंख्या बृद्धिदर भएको नगरहरुमध्यको एक हो । साबिक भरतपुर नगरपालिका ( वडा नम्बर १-१४) मा छिमेकी पाँच गा.वि.स.हरु मंगलपुर, फुलबारी, गितानगर, शिवनगर र पटिहानी लाई गाभेर नेपाल सरकारले मिति २०७१।८।१६ मा भरतपुर उप–महानगरपालिका घोषणा गरे पश्चात उप–महानगरपालिकामा २९ वटा वडाहरु रहेका थिए । पुन: मिति २०७३।११।२७ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले साविकका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलाश गा.वि.स समेत थप गरी महानगरपालिकामा स्तर उन्नती गरेपछि हाल भरतपुर महानगरपालिकामा २९ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना २०६८ अनुसार २०६८ आषाढ मसान्तको भरतपुर महानगरपालिका (वडा न. १-१४) को घरसंख्या २४,१४३, जनसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ४.७६ थियो । साथै थप भएका पाँच गा.वि.स. हरुको २०६८ आषाढ मसान्त सम्मको घरसंख्या ११,७९१, जनसंख्या ५६,०३१ र औसत बार्षिक जनसंख्या बृद्धिदर १.५१ थियो । यसैगरी पछिल्लोपटक थप भएका नारायणी न.पा, चित्रवन न.पा र कविलाश गा.वि.स हरुको २०६८ आषाढ मसान्तसम्मको जम्मा घरसंख्या १८५३६, जनसंख्या ८०६३५र औसत बार्षिक जनसंख्या बृद्धिदर करीब १.५१ थियो । उल्लेखित जनसंख्या बृद्धिदरका आधारमा प्रक्षेपण गर्दा २०७५ आषाढ सम्मको भरतपुर महानगरपालिकाको कुल जनसंख्या ३,५०,९५८ र घर संख्या करीब ७५,४२७ हुन आउँछ ।

### जनसंख्या र घरसंख्या प्रक्षेपण तालिका

| मिति | क्षेत्र | बि.स. २०६८ असार मसान्त | | जनसंख्या बृद्धि दर | बि.स. २०७५ असार मसान्त | |
|---|---|---|---|---|---|---|
| | | घर संख्या | जनसंख्या | | घर संख्या | जनसंख्या |
| २०७१।८।१६ अघि | सावीक भ. न. पा., वडा नं. १ देखि १४ सम्म | २४१४३ | १४३८३६ | ४.७६ | ३३४३२ | १९९१७६ |
| २०७१।८।१६ | छिमेकी पाँच गा.वि.स.हरु मंगलपुर, फुलबारी, गितानगर, शिवनगर र पटिहानी समेत | ११७९१ | ५६०३१ | १.५१ | १६३२७ | ६२२२९ |
| २०७३।११।२७ | सावीकका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलाश गा.वि.स समेत | १८५३६ | ८०६३५ | १.५१ | २५६६८ | ८९५५४ |
| | कूल | ५४४७० | २८२५७० | | ७५४२७ | ३५०९५८ |

भरतपुरमा जुगेडी खोलावाट खानेपानी आपुर्तिको शुरुवात खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ देखि शुरु भएको हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० सालमा दुइवटा ट्यूबवेल, रामनगर फिल्टर प्लाण्ट, १६०० घ.मी.को पानीपोखरी र थप वितरण पाईप लाईन निर्माण गरि आयोजनाको सुधार विस्तार गरियो । यो आयोजना वि.सं. २०५६ श्रावण १ गतेदेखि नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । बि.सं.२०६१ मा जुगेडी प्रणालि बाढिबाट क्षतिग्रस्त भई रामनगर र देबघाट क्षेत्रको सेवा अवरुद्ध बन्न पुग्यो । संस्थानले त्यसको उचित मर्मत संभार र समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन । सेवा विस्तारको लागि तात्कालिन भरतपुर नगरपालिकाले खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र सरकारले खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project, UEIP) अन्तर्गत नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजना आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न भएको हो ।

# २. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठन

## उद्धेश्य, कार्यक्षेत्र तथा बोर्डको गठन:

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्य सहित सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस ऐन अन्तर्गत गठन हुने बोर्ड एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने व्यवस्था छ । तत्कालिन भरतपुर नगरपालिकाको सिफारिसमा खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३(१) बमोजिम नेपाल सरकार तात्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय), माननिय मन्त्रिस्तरको मिति २०६४।०५।३१ गतेको निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६ को राजपत्रमा बोर्ड गठनको सूचना प्रकाशित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्य क्षेत्र तोकेको छ । नेपाल सरकारले भरतपुर नगरपालिकालाई महानगरपालिका घोषणा गरे पश्चात यस महानगरपालिकाको सम्पुर्ण क्षेत्र नै यस बोर्डको कार्यक्षेत्र हुन गएको छ । बोर्डले नेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था छ ।

## कार्यसमिति सम्बन्धि व्यवस्था:

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले बोर्डको कार्यकारी समितिमा भरतपुर महानगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, नेपाल सरकारको प्रतिनिधि-१, गरि ३ जना पदेन सदस्य र बोर्डबाट मनोनित स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ३ जना मनोनित सदस्य रहने व्यवस्था गरेको छ । सम्बन्धित मन्त्रालयले नेपाल सरकारको प्रतिनिधिको रुपमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकेको छ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने, सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने, बोर्डले खुल्ला प्रतिस्पर्धाको प्रक्रिया बाट प्रतिस्पर्धा गराई कार्यकारी निर्देशक छनौट गरि नियुक्ति गर्ने र नीजले बोर्डको सचिव भई काम गर्ने कानूनी व्यवस्था छ ।

## वर्तमान कार्यसमितिका सदस्यहरु:

**पदेन सदस्यहरु:**

क) अध्यक्ष: भरतपुर महानगरपालिकाका प्रमुख, श्री रेनु दाहाल
ख) सदस्य: खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका डिभिजन प्रमुख, श्री शालिकराम पौडेल
ग) सदस्य: स्थानिय उद्योग वाणिज्य संघका अध्यक्ष, श्री सहन लाल प्रधान

**मनोनित सदस्यहरु:**

घ) सदस्य: स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधि: श्री भिम नारायण पौडेल
ङ) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको तर्फबाट प्रतिनिधि: श्री बिश्वनाथ ओझा
च) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ तर्फबाट प्रतिनिधि: श्री नीर प्रसाद लामिछाने

## ३. शुरुदेखि हालसम्म वोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकिय कार्यहरु

- "भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- मिति २०६९।०५।२० मा नेपाल खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ती र दायित्व बोर्डमा हस्तान्तरण गरि लिएको ।
- जनश्रमदान बापत तत्कालको लागि भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख समेत गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार तात्कालिन उपमहानगरपालिकालाई फिर्ता गरिएको ।
- खानेपानी महशुल निर्धारण आयोग मार्फत नयाँ महशुल तथा सेवा शुल्कहरु निर्धारण गरी मिति २०७० फागुन १ गतेदेखि लागु गरिएको ।
- बोर्डको बार्षिक बजेट, कार्यक्रम, प्रगति, आम्दामी, खर्च र लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको बार्षिक प्रतिवदेनहरु नियमित रुपमा सम्बन्धित मन्त्रालयमा (खानेपानी तथा सरसफाई) पठाउने ब्यबस्था रहेको ।
- उल्लेखित सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको ।
- बोर्डको बार्षिक कार्यक्रम, बार्षिक प्रगति, बिनियोजित बजेट तथा खर्च र नागरिक वडापत्रको फ्लेक्स बोर्ड बनाई सबैले देख्ने स्थानमा टाँगेर राख्ने गरिएको ।
- कर्मचारीहरुको विद्युतिय हाजीरी प्रणाली लागु गरिएको ।
- बोर्डको संगठन संरचना र दरबन्दी स्वीकृत गरिएको ।
- कर्मचारी पदपुर्ति सम्बन्धि निर्देशिका तयार भई स्वीकृत भएको ।
- बोर्ड मार्फत प्रदान गरीने सेवा सुबिधा सम्बन्धि "नागरीक बडापत्र" कार्यालयमा सबैले देख्ने गरी टाँगेर राखिएको

### क्षमता विस्तार:

- प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलाशनगर, लक्ष्मीपुर, आनन्दपुर, धनगाडा, जखडीमाई, मङ्गलपुर र पटिहानीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन, भरतपुर महानगरपलिका तथा स्थानीय उपभोक्ताहरुसंगको सहकार्यमा नयाँ खानेपानी प्रणालीहरु निर्माण शुरु गरेको
- उपभोक्ता र बिभिन्न संस्थाहरुको सहयोगमा हालसम्म बोर्डलाई १२ कट्ठा १५ धूर जग्गा निशुल्क प्राप्त भएको ।
- धनगाडामा ३, पटिहानीमा २, कैलाशनगरमा २ र प्रेमबस्तिमा ३ कट्ठा ५ धूर गरि जम्मा १० कट्ठा ५ धूर जग्गा खरीद गरिसकिएको ।
- लक्ष्मीपुर राममन्दिर सँगै जग्गा मन्दिरकै स्वमित्वमा रहने गरी करिव १५ धुर र डिभिजन सिचाई कार्यालयकै स्वामित्वमा रहने गरी रामपुरमा वोर्डले भोगचलन गर्ने गरी जग्गा प्राप्त गरी डीप बोरिङ्गहरु समेत निर्माण भै सकेको
- भरतपुर ११ को जखडीमाईमा अवस्थित श्री जखडीमाई प्राथमिक स्कूलको स्वामित्वमा रहेको जग्गामध्येबाट जग्गा स्कुलकै स्वामित्वमा रहने गरी खानेपानीको ट्याङ्कि लगायत अन्य संरचनाहरु निर्माणका लागि ४ कट्ठा क्षेत्रफल प्राप्त गरी डीप बोरिङ्ग, प्यानल बोर्ड घर, चेनपुल्ली स्ट्याण्ड निर्माण भैसकेको
- नयाँ सेवा क्षेत्रमा ११ वटा र पुरानो सेवा क्षेत्रमा ७ गरि जम्मा १८ वटा डिप ट्युववेलहरुको निर्माण गरिएको ।
- रोज गार्डेन र जखडीमाई गरी दुई वटा सेवा प्रणालीको सम्पत्ति र दायीत्व हस्तान्तरण गरि लिईएको ।
- दैनिक पानी उत्पादन क्षमता १ करोड ८७ लाख लिटरबाट २ करोड ५ लाख लिटर पुऱ्याईएको
- पुरानो र नयाँ प्रणालीमा गरी जम्मा ३१२.१५५ कि.मि. थप वितरण लाईन बिस्तार गरिएको
- उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७३ जेष्ठ महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत १० धुर जग्गा, डिप ट्युबबेल- १, २५ के.भि.ए.को ट्रान्सफर्मर-१, ४.५५ कि.मि. वितरण पाईपलाईन, पम्प घर- र ग्राहक संख्या १६७ रहेको
- यस्तै उपभोक्ता समिति मार्फत संचालित जखडीमाई खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७४ फाल्गुण महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत ४ कट्ठा जग्गा, डिप ट्युबबेल- १, ३.६ कि.मि. वितरण पाईपलाईन, भण्डार घर- १ र ग्राहक संख्या १६७ रहेको

- वितरण लाईन जडान भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ४,५ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमानै नयाँ धारा जडान गरिँदै आएको
- यस आ.ब. मा कूल २७६८ ग्राहकहरुको घरमा नयाँ धाराहरु जडान गरीएको

**चुहावट नियन्त्रणः**

- पानी दूरुपयोग गर्ने ग्राहकहरुमध्ये यस आ.ब. मा १३ जनाबाट रु. १,६६,२७० जरिवाना वापत थप महशुल संकलन गरिएको
- असार अन्तसम्ममा रु. दश हजार भन्दा माथि बक्यौता महशुल रहेका ग्राहकहरु लाई पत्रमार्फत ताकेता गरीएको
- मिटर नभएका ग्राहकहरुको संख्या १० प्रतिशतबाट ०.५ प्रतिशतमा मा झारीएको, शत प्रतिशत मिटरिङ्ग गर्ने उद्धेश्य हुँदाहुँदै केहि सरकारी कार्यालयहरु मिटर राख्न ईच्छुक नदेखिएकोले १००% मिटरिङ्ग हुन नसकेको
- सबै ग्राहकहरु नम्बरिङ्ग गरिएकोले मिटर रिडिङ्ग कार्य बढि प्रभावकारी भएको
- उल्लेखित प्रयास स्वरुप बोर्डले सेवा प्रणाली लिएको समयमा चुहावट दर २८% बाट यस आ.ब.को अन्तसम्म २५ %मा झरेको छ, प्राविधिक कारणले सामान्यतः चुहावट दर २०% भन्दा कम गर्न सकिंदैन

## ४. शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्माण भएको प्रणालीको खर्च तथा ऋण सम्बन्धि संक्षिप्त विवरण

- आयोजनाको कूल खर्चः रु. २६ करोड २६ लाख ८८ हजार
- नेपाल सरकारको अनुदानः रु. १६ करोड २८ लाख ६६ हजार
- भरतपुर नगरपालिकाले नेपाल सरकारबाट प्राप्त ऋणः रु. ७ करोड ८८ लाख ६ हजार
- जनश्रमदान बापत बोर्डले उपभोक्ताबाट संकलन गर्नुपर्ने रकम मध्ये भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकमः २ करोड ११ लाख १५ हजार (यो रकम हाल फिर्ता भईसकेको)
- यो प्रणाली बोर्डबाट संचालन हुँदै आएको छ । विधिवत रुपमा नगरपालिकाबाट हस्तान्तरण भई सकेको छैन । बोर्डले सेवा प्रणालीसंग जोडिएको ऋण तिर्ने प्रतिबद्धता सहितको संझौताको ड्राफ्ट तयार गरि भरतपुर महानगरपालिकालाई पठाईसकिएको छ ।

# ५ खानेपानी सेवा प्रणालीको संक्षीप्त विवरण

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार संस्थानबाट प्राप्त ११ करोड ४१ लाख २२ हजार ७६३, भ.न.पा.को शहरी तथा वातावरणीय सुधार परियोजना बाट प्राप्त २२ करोड ७५ लाख ६६ हजार ७९१ र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाहरुको सहयोगमा निर्माण गरेको २० करोड ४२ लाख २३ हजार ३० गरी जम्मा रु. ५४ करोड ५९ लाख १२ हजार ५८३ बराबरको सम्पत्ति छ । उक्त सम्पत्ति सँगै रु. ७ करोड ८८ लाख ०६ हजार बराबरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।

**तालिका नं. १ : भरतपुर खानेपानी व्यवस्थापन बोर्डले संचालन गरेको सेवा प्रणालीको विवरण**

| विवरण | नेपाल खानेपानी संस्थानबाट प्राप्त | तात्कालिन भ.उ.म.न.पा.बाट प्राप्त **(UEIP Project)** | बोर्डबाट निर्मित (भ.म.न.पा., उ.स. र अन्य सहयोगमा) | जम्मा | सम्पत्ति हस्तान्तरण बाट |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा | १८ वटा | ३० वटा | रोजगार्डेन १<br>जखडीमाइ १ |
| जेनेरेटर | १ सेट (१०० के.भि.ए.) | ३ सेट (१००के.भि.ए.२, १८० के.भि.ए. १) | २ सेट (८२.५ के.भि.ए.) | ६ सेट (१०० के.भि.ए.३, १८० के.भि.ए. १ ८२.५ के.भि.ए. २) | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा (४०० घ.मी. ओभरहेड १, १२०० घ.मी. जमिन १) | ३ वटा (४५० घ.मी. ओभरहेड १, ९०० घ.मी. जमिन १ १००० घ.मी.जमिन १ | २ वटा (४५० घ.मी. ओभरहेड १ ४०० घ.मी जमिन १) | ७ वटा ४८०० घ.मी. (१३००० घ.मी. ओभरहेड, ३५०० घ.मी. जमिन ) | निर्माणाधिन ४५० घ.मी. ओभरहेड १ ४०० घ.मी जमिन २, |
| कार्यालय भवन | २ वटा | | १ वटा | ५ वटा | निर्माणाधिन २ |
| पाइप लाईनको लम्बाई | ७८ कि.मी. (DI,GI,HDPE) | २१४ कि.मी HDPE) | ३१२.१५५ कि.मि. (HDPE) | ६८२.५९५ कि.मि. (DI, GI, HDPE) | रोजगार्डेन ४.५५<br>जखडी ३.६०<br>धनगाढा ७०.२९ |
| २०७४ आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | ११,६९,२५,४३२ | २३,४५,४६,८२२ | १४,४२,४७,२६९ | ५९,५७,१९,५२३ | |
| ह्रासकटट्ी | २८,०२,६६९ | ६९,८०,०३१ | ४१,३६,६९० | १,३९,१९,३९० | |
| २०७५ आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | ११,४१,२२,७६३ | २२,७५,६६,७९१ | १४,०१,१०,५७९+<br>६,४१,१२,४५० | ५४,५९,१२,५८३ | ह्रासकटट्ी कटाएर |

## ६. भरतपुर महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०७४ आषाढ मसान्त सम्म )

- महानगरपालिका भित्रका करिव ७५,४२७ घरधुरी मध्ये २५,०८५ ग्राहकहरु मार्फत करीब १,५१,२५४ जना जनसंख्यालाई बोर्डबाट शुद्ध र व्यबस्थित खानेपानी सेवा उपलब्ध गराइएको
- करीब ८३,५५५जनसंख्यामा साविक नगरपालिका भित्रका (रामनगर, ठिमुरा, देवघाट र बाईसबिघा) लगायत अन्य बिभिन्न उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी योजनाहरु मार्फत सेवा पुगेको
- हाल महानगरपालिका भित्र रहेका मुख्य गरेर मेघौली, जगतपुर, शुक्रनगर, गुन्जानगर र कविलाशका बिभिन्न खानेपानी योजना मार्फत सेवा पुगेको
- संस्थागत/व्यक्तिगत डिप बोरिङ्ग मार्फत महानगर भित्रका करीव ६६.९ प्रतिशत जनसंख्याले डिप बोरिङ्गको शुद्ध पिउने पानीको सुबिधा पुगेको, करीव १०% ले खानेपानीको पाइप सञ्जाल भएर पनि सेवा नलिएको, ३३.१% लाई डिप बोरिङ्को सुविधा छैन, यसको माग बढ्दो छ ।
- भरतपुर महानगरपालिका तथा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, चितवनको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु मध्ये प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलाशनगर, आनन्दपुर, लक्ष्मीपुर र पटिहानी निर्माण सम्पन्न गरी सेवा बितरण शुरु भैसकेको ।
- धनगाडा, जखडीमाई र मङ्गलपुर निर्माणका चरणमा रहेका ।
- आ.व. २०७२।०७३ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्रेमबस्तीमा ४५० घ.मी. क्षमताको ओभरहेड पानी टंकीको निर्माण सम्पन्न भएको
- यसै आ. व. मा प्रेमबस्तीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्डको साझेदारीमा एउटा कार्यालय भवन निर्माणधिन अवस्थामा रहेको
- यसै गरी प्रेमबस्तिमा ५ कि.मि. पाइप लाईन बिस्तार सहित ८२.५ के.भि.ए. क्षमताको जेनेरेटर खरीद र सेड निर्माण गरीएको । यसबाट महानगरको ७ नम्बर वडा क्षेत्रको सेवामा उल्लेखनीय सुधार आएको
- भरतपुर म.न.पा.-२, आँपटाडीमा अवस्थित यस बोर्ड अन्तर्गतका खानेपानीका संरचनाहरु रहेको स्थानमा पुरानो घेरा पर्खाल भत्काई पुन: नयाँ निर्माण गरीएको
- थप भएका वडाहरु (१५-२९) मध्ये इन्द्रपुरी, पारशनगर र फुलबारीका केही क्षेत्रहरुमा कैलाशनगर पम्पबाट थप पाईपलाईन विस्तार गरी आंशिक सेवा दिईएको
- मंगलपुर बजारको केहि भागमा आनन्दपुर पम्पबाट सेवा विस्तार गरिएको ।
- यसै आ. ब. मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट मङ्गलपुर र रामपुर क्षेत्रमा खानेपानी सेवा बिस्तार गर्न २५ एच.पि. क्षमताको डीप बोरीङ्ग निर्माण गरी ५० के.भि.ए. क्षमताको ट्रान्सफरमर सहित बिद्युत लाईन जडान गरी र बोरीङ्गमा मोटर पम्प समेत जडान भई सकेको ।
- मंगलपुर, पारशनगर, ईन्द्रपुरी र फुलबारी क्षेत्रका बाँकी केहि भागहरुमा बोर्डको मौजुदा प्रणाली बिस्तार गरि सेवा दिन सकिने
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको वार्षिक कार्यक्रममा आ.ब. २०७२।०७३ देखि नै पार्वतीपुर, फूलबारी, गितानगर, शिबनगर, शारदानगर र पटिहानी खानेपानी आयोजना समावेश भएका छन् । आ.व. २०७३।०७४ देखि र यसै आ.ब. मा पनि वार्ड नम्बर ११ को लागि जखडीमाई खा.पा.आ, मंगलपुरको लागि भरतपुर १५, १६ डिप बोरिङ्ग तथा मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र गीतानगर खा.पा.आ. र आनन्दपुर खा.पा.आ. सुधो र विस्तार कार्यक्रममा समावेश भई प्रत्येक नयाँ खा.पा.आ.को लागि थप केहि बजेट बिनियोजन गरी कार्य सम्पन्न गरीएका
- प्रस्तावित सबै नयाँ आयोजनाको लागि आ.व. २०७५।०७६ मा आवश्यक जग्गा ब्यवस्थापन गरी बिस्तृत सर्वेक्षण तथा लागत अनुमान तयार गर्न सकिएमा आगामी ९, १० बर्ष भित्र यस महानगरपालिका भित्रका सबै वडाहरुमा डिप बोरिङ्ग बाटै ब्यवस्थित खानेपानीको सुविधा पुर्याउन सकिने
- बोर्डको सेवा क्षेत्रमा नयाँ आयोजना निर्माण गर्दा नयाँ उपभोक्ता संस्थाहरु समेत दर्ता गर्दै जाँदा भविष्यमा बोर्ड र उपभोक्ता संस्था वीच संस्थागत दोहोरोपना आउने र महानगरको खानेपानी ब्यवस्थापनमा एकरुपता नहुने भएकोले यस सम्बन्धमा उपयुक्त नीतिगत ब्यवस्थाको लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा लेखि पठाईएकोमा सम्बन्धित मन्त्रालयबाट बोर्डलाई उपभोक्ता संस्थाकै रुपमा लिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्ड बिचको सहलगानीमा नयाँ आयोजनाहरु निर्माण गर्न सकिने गरि नीतिगत निर्णय भई आएको ।

# ७. बोर्डको वर्तमान तथा भावी कार्ययोजना

सन् २०१७ सम्म सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने नेपाल सरकारको लक्ष्य अनुसार आफ्नो सेवा क्षेत्रमा आधारभुत तथा मध्यम स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु यस बोर्डको पहिलो र प्रमुख दायित्व रहेको छ। आफ्नो व्यवस्थापन संयन्त्र समेत पूर्णरुपमा तयार भई नसकेको अवस्थामा आफ्नो श्रोतबाट मात्र उल्लेखित लक्ष्य हासिल गर्नु असम्भव प्रायः देखिन्छ । यसको लागि बोर्डले भरतपुर महानगरपालिका, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सहकार्य र साझेदारी लगानीमा थप नयाँ आयोजना र कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल निकास विभाग मार्फत सह-लगानीमा आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि धनगाडा खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव स्वीकृत भई र आ.व. २०७२ आषाढमा त्यसको विस्तृत डिजाईन प्रतिवेदन तयार भएको थियो । गत आ.व.मा विद्युतिय ठेक्का प्रस्ताव आह्वन गरी निर्माण सम्झौता समेत सम्पन्न भै आयोजना अन्तर्गतका निर्माण कार्यहरु चालु छन् । यसै गरि भरतपुर ११ मा खानेपानी सेवा बिस्तारका लागि खानेपानी तथा ढल निकास बिभाग अन्तर्गतको सहलगानी कार्यक्रम मार्फत खानेपानीका संरचनाहरु निर्माण गर्न जखडीमाई खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव विभागमा पेश गरिएको छ ।

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ बमोजिम यस संस्थालाई दिईएको जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई नियमित, व्यवस्थित र भरपर्दो बनाउन भरतपुर खानेपानी व्यवस्थापन बोर्डले विगतका वर्षहरुमा जस्तै आगामी दिनहरुमा निम्न अनुसारका कार्यक्रमहरुलाई निरन्तरता दिंदै थप केही कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- खानेपानी सुविधाको लागि अत्याधिक अभावग्रस्त क्षेत्रहरु र उपभोक्ताहरुवाट माग भई आएका, खानेपानीको पाईपलाईन नपुगेका सडक वस्तिहरुमा आवश्यकता अनुसार हरेक वर्ष नँया पाईपलाईन थप विस्तार गर्दै जाने
- उपभोक्ताहरु स्वयंबाट संचालन, व्यवस्थापन गरिदै आएका खानेपानी योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता गरि बोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको सञ्चालन व्यवस्थापन सम्वन्धि जिम्मा वोर्डले लिने वा उपभोक्ता आंफैले संचालन व्यवस्थापन गर्न चाहेमा आवश्यक प्राविधिक र व्यवस्थापकिय सहयोग गर्ने
- हाल मौजुदा खानेपानी भण्डार गर्ने क्षमता ज्यादै न्युन रहेकोले आवश्यक आर्थिक श्रोत जुटाएर खानेपानी भण्डार गर्ने क्षमतालाई क्रमशः वृद्धि गर्दै लैजाने
- वोर्डको मुख्य कार्यालय भवन रहेको भरतपुर १० मा विद्यमान ४०० घन मिटरको क्षमताको ओभरहेड टंकीको क्षमता अत्यन्त न्युन रहेकोले करीब १६०० घनमिटर क्षमता भएको ओभरहेड टंकी निर्माणको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भरतपुर, चितवनवाट गत वर्षहरुमा जस्तै शुरु गरिएका फुलवारी, शिवनगर, शारदानगर र पटिहानीका खानेपानी आयोजनाहरु र यसै आ.व. वाट शुरु हुने भरतपुर १५, १६ डिपवोरिङ्ग खा.पा.आ., मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र जखडीमाई खा.पा.आ.हरुमा वोर्डको समेत लगानी गरी आयोजनालाई छिटो सम्पन्न गर्ने र त्यसको संचालन तथा व्यवस्थापन जिम्मा वोर्डले लिने
- आ.व. २०७३।०७४ को वजेटमा समावेश भएका जखडीमाई, मंगलपुर १५, १६ डिप वोरिङ्ग, मंगलपुर, कैलाशनगर, गितानगर र आनन्दपुर खानेपानी सुधार विस्तार आदिको निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानिय श्रोत साधन जुटाउने कार्यमा भरतपुर महानगरपालिकासंगको सहयोग समन्वयमा खा.पा. तथा स.स.डि.का. संग सहकार्य गर्ने
- भरतपुर महानगरपालिकाका विभिन्न टोल विकास संस्थाहरु लगायत अन्य गै.स.सको सहयोग र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई कार्यक्रम, वातावरणमैत्री वार्ड, टोल घोषणा कार्यक्रम, ग्राहक सचेतना जस्ता स्वास्थ्य तथा सरसफाई सम्वन्धि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरी वोर्ड र सेवाग्राही विचको सम्वन्ध थप सुमधुर वनाउने
- भरतपुर महानगरपालिकासंगको सहकार्य र समन्वयमा बिगतका वर्षहरुमा जस्तै फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई आदि सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी ठोस तथा तरल फोहर व्यवस्थापनमा महानगरपालिकालाई आवश्यक र रचनात्मक सहयोग गर्ने
- महानगरपालिका क्षेत्रभित्रका अत्यावश्यकिय र मानिसहरुको वढी हिडडुल गर्ने स्थान र चोकहरुमा व्यवस्थित सार्वजनिक शौचालयहरु निर्माण गर्ने
- स्वास्थ्य तथा सरसफाई र वातावरण संरक्षण आवश्यक नीति नियम तयार गर्न भरतपुर महानगरपालिकालाई सहयोग गर्ने

## ८. कर्मचारी व्यवस्था

हाल बोर्डमा ५ जना स्थायी, करारमा कार्यरत ४४ जना र कार्यकारी निर्देशक १ सहित जम्मा ५० जना कर्मचारीहरु कार्यरत छन् । दैनिक केहि समयमात्र संचालन हुने पम्पहरु, पानीको गुणस्तर परीक्षण र ईलेक्ट्रोमेकानिकल उपकरणहरु मर्मत संभारको लागि १८ जना व्यक्तिहरुलाई (Outsourcing) गरि काममा लगाईएको छ ।

## ९ भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आ.ब. २०७३।०७४ आम्दानी खर्चको स्थिति

आम्दानी:

| क्र.स. | शिर्षक बिवरण | रकम, रु. | कैफियत |
|---|---|---|---|
| १ | पानी महशुल वापतको बिलिङ्ग रकम | ८ करोड ५७ लाख ८४ हजार ४९९ | |
| २ | अघिल्ला बर्षहरुको उठ्न बाँकि रकम | १ करोड ३५ लाख १ हजार २७२ | |
| ३ | आ.ब.को असार मसान्त सम्म खुद पाउनु पर्ने रकम | ९ करोड ९२ लाख ८५ हजार ७७१ | |
| ४ | यस आ.ब.मा छुट कटाएर महशुल बापतक संकलित रकम | ८ करोड २३ लाख १३ हजार ३५६ | |
| ५ | आ.ब.को असार मसान्त सम्म महशुल उठ्नबाँकीरकम | १ करोड ६९ लाख ७२ हजार ४१५ | |
| ६ | कैलाशनगर र प्रेमबस्ती खानेपानी आयोजनाबाट अनुदान तथा जनश्रमदान स्वरुप प्राप्त रकम | ६५ लाख २२ हजार ५८०।२३ | |
| ७ | धारा जडान तथा अन्य सेवा शुल्क शिर्षकवाट | १ करोड ५६ लाख ३६ हजार ५२५ | |
| ८ | हाल सम्म जम्मा हुन आएको बैङ्क ब्याज | १८ लाख ८३ हजार ४।५० | |
| ९ | अनुदान बाहेक १,७ र ८ तीनवटै मिलाएर खुदआय | १० करोड ३३ लाख ४ हजार २८।५० | |
| १० | गत वर्षको वैंकमा वाँकी रकम | ४ करोड २९ लाख ४३ हजार ८३८ | |
| ११ | गत वर्षको वैंकमा वाँकी रकम (१०) समेत आ.ब. २०७४/०७५को कुल आम्दानी रकम | १४ करोड ६२ लाख ४७ हजार ८६६।५० | |
| १२ | अन्य संस्थाहरु बाट प्राप्त अनुदान सहित यस आ.ब.को खुद आम्दानी | १५ करोड २७ लाख ७० हजार ४४६।७३ | |
| १३ | उल्लेखित रकम आ.ब. २०७४।०७५ को बार्षिक लक्ष्यको तुलनामा | १००.५ प्रतिशत | |

**खर्च:**

| क्र.स. | शिर्षक बिवरण | रकम, रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न शिर्षकहरुमा भएको कूल सञ्चालन खर्च | ४ करोड ८६ लाख ३० हजार ७०।१४ | |
| २ | यस आ.ब.को खुद आम्दानी | १० करोड ३३ लाख ४ हजार ०२८।५० | |
| ३ | खुद आयमा संचालन खर्च घटाउँदा बाँकि वचत | ५ करोड ४६ लाख ७३ हजार ९५८।३६ | |
| ४ | गत आ.ब.को बैङ्क मौज्दात | ४ करोड २९ लाख ४३ हजार ८३८ | |
| ५ | आ.ब.को बैङ्क मौज्दात समेत गरी कूल बचत | ९ करोड ७६ लाख १७ हजार ७९६।३६ | |
| ६ | आ.ब. २०७४/०७५ मा पुंजीगत तर्फ | ६ करोड २५ लाख ८७ हजार ८३३।२७ | |
| ७ | कैलाशनगर र प्रेमबस्ती खानेपानी आयोजनाबाट श्रमदान तथा अनुदानबाट प्राप्त | ६५ लाख २२ हजार ५८०।२३ | |
| ८ | अनुदान समेत पुँजीगत खर्च जम्मा | ६ करोड ९१ लाख १० हजार ४१३।५० | |
| ९ | आर्थिक बर्षको अन्तमा जम्मा बचत | ३ करोड ५० लाख २९ हजार ९६३।०९ | |
| १० | कुल जम्मा | १५करोड २७ लाख ७० हजार ४४६।९७ | |

# आ.ब. २०७४।०७५ को लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण

| **आम्दानी तर्फ** | | | **खर्च तर्फ** | | | |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित (रु.) | वास्तविक (रु.) | खर्च शिर्षक | स्वीकृत वजेट रकम रु. | वास्तविक खर्च रु. | फरक रु. |
| गत आ.व. को अ.ल्या. | ४२९४३८३८ | ४२९४३८३८ | तलव | १७५००००० | १६६९९८२८.४३ | ८००१७१.५७ |
| पानी महशुल (विलिङ) | ८५०००००० | ८५७४८४९९ | भत्ता | १८००००० | १७९३०९५.१० | ६९०४.९० |
| पानी महशुल (प्राप्त) | | ८२३२३३५६ | वैठक भत्ता | २४०००० | २२४७८६ | १५२१४ |
| अग्रिम महशुल | | | दैनिक भ्रमण भत्ता | ४५०००० | ३१८६५० | १३१३५० |
| धारा जडान शुल्क | ९४००००० | ८८२७३१० | सेवा महशुल | ३००००० | २७३६९१ | २६३०९ |
| पाईप फिटिङ्ग विक्री | २००००० | ७८७७० | टेलिफोन महशुल | ३००००० | १०४००० | १९६००० |
| निवेदन दस्तुर | ८००००० | ६५७८०० | परामर्श सेवा | ४५०००० | ४१८२८९.५० | ३१७१०.५० |
| कार्ड विक्री | १००००० | ५१६३० | चन्दा पुरस्कार | २०००० | ३००० | १७००० |
| नामसारी ठाँउसारी | ३००००० | ३१७४७० | तालिम, गोष्ठी, ग्राहक सचेतना कार्यक्रम | ६००००० | ३५२१९१ | २४७८०९ |
| वैंक व्याज | १०००००० | १८८३००४.५० | ग्राहक नम्वरिङ्ग कार्यक्रम | १८०००० | १७९८०० | २०० |
| विविध | १००००० | १३४५३० | वातावरणिय सरसफाई कार्यक्रम | ५००००० | ४४६७४२.४१ | ५३२५७.५९ |
| थप महशुल | ५००००० | १६६२७० | पानी सुरक्षा योजना | ५००००० | २६५३६२.३० | २३४६३७.७० |
| धरौटी | २३५०००० | २२०६००० | अतिथि सत्कार | १५०००० | १२५३१६.६४ | २४६८३.३६ |
| जरिवाना | ३०००००० | २९३०५४५ | विद्युत महशुल | १७५००००० | १९६३४९२७.१४ | -२१३४९२७.१४ |
| ग्राहक नम्वर प्लेट दस्तुर | २५०००० | २६६२०० | ईन्धन सवारी | ४५०००० | ४४५०६४ | ४९३६ |
| जनसहभागिता | ६०००००० | ६५२२५८०.२३ | ईन्धन जेनेरेटर | ३०००००० | १३८५९५२.६० | १६१४०४७.४० |
| धरौटी(निर्माण व्यवसायी) | | | मसलन्द कार्यालय सामान | ४००००० | ३३३९५०.१५ | ६६०४९.८५ |
| | | | लेखा परिक्षण | १००००० | ९४११७.६४ | ५८८२.३६ |
| | | | छपाई | ७००००० | ६८३७८९ | १६२११ |
| | | | पुस्तक तथा पत्र पत्रिका | २०००० | १८४०० | १६०० |
| | | | औषधी (केमिकल) खरीद | १८०००० | २०३४०० | -२३४०० |
| | | | विविध खर्च | १५०००० | १३१५०२ | १८४९८ |
| | | | मर्मत | ३००००० | २८०३७५ | १९६२५ |
| | | | उपदान कोष | १५००००० | १५००००० | ०० |
| | | | खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क | ७५०००० | ७४६३१३ | ३६८७ |
| | | | महशुलमा छुट | १९६०००० | १९६७५२७ | -७५२७.२३ |
| | | | **चालु कार्यक्रमको जम्मा** | ५००००००० | ४८६३००७०.२३ | १३६९९२९.८६ |
| | | | भरतपुर खा.पा.आ.मर्मत सुधार | ५०००००० | ४९९७९६३.८१ | २०३६.१९ |
| | | | भरतपुर खा.पा.आ.सुधार विस्तार | १२०००००० | १०२१४०७७.०५ | १७८५९२२.९५ |
| | | २९२२५८०. | प्रेमवस्ती खा.पा.आ. | ३०००००० | ४९५२४५४.०१ | -१९५२४५४.०१ |
| | | | कैलाशनगर खा.पा.आ. | ३०००००० | १४०४६२४.२२ | १५९५३७५.७८ |
| | | | आनन्दपुर खा.पा.आ. | १०००००० | ९७७९०९ | २२०९१ |
| | | | धनगाडा खा.पा.आ. | १४०००००० | १२९७०१५५.४० | १०२९८४४.६० |
| | | | पटिहानी खा.पा.आ. | ६५००००० | ६६९९६०१.९२ | -१९९६०१.९२ |
| | | | लक्ष्मीपुर खा.पा. आ. | ८५००००० | ५४२९४५२.४१ | ३०७०५४७.५९ |
| | | | जखडीमाई खा.पा.आ. | ३५००००० | १६८६९१०.५३ | १८१३०८९.४७ |
| | | | फर्निचर खरिद | २००००० | १५९७५१ | ४०२४९ |
| | | | कार्यालय उपकरण खरिद | ३५०००० | ० | ३५०००० |
| | | | भवन मर्मत, रङ्गरोगन | १५००००० | १४९७५१४.१६ | २४८५.८४ |
| | | ३६००००० | जग्गा खरिद | १५०००००.०० | १८१२०००० | -३१२००००० |
| | | | सवारी साधन खरिद | ५०००० | ० | ५०००० |
| | | | **पुँजीगत कार्यक्रमको जम्मा** | ७३६६००००० | ६९११०४१३.५० | ४९३९५८६.४९ |
| | | | **जम्मा खर्च रु.** | १२३६००००० | ११७७४०४८३.६५ | ६३०९५१६.३५ |
| **यस वर्षको जम्मा** | १०९०००००० | १०९८२६६०८.७३ | **बचत, रु.** | **२७८९३८३८** | **३५०२९९६३.०८** | -६६८६१२५.०८ |
| **कुल जम्मा** | १५१९४३८३८ | १५२७७०४४६.७३ | **कुल जम्मा रु.** | १५१९४३८३८ | १५२७७०४४६.७३ | -८२६६०८.७३ |

## १०. आ.व.२०७४-०७५ मा बोर्डवाट गरिएका मुख्य मुख्य कार्यहरु

- यस आ.व.मा २५०० निजी धारा वितरण गर्ने लक्ष्य रहेकोमा जम्मा २७६८ वटा निजी धारा वितरण
- महानगरपालिका भित्रका विभिन्न वडाहरुमा कुल ६८.१५ कि.मि. थप पाईप लाईन बिस्तार
- मंगलपुर बजारको केहि भाग, फुलवारी, तोरीखेत, ईन्द्रपुरी र पारशनगरको केही भाग सम्म सेवा विस्तार
- प्रेमबस्ती-कालिका खा.पा.आ. क्षेत्रमा खा.पा. तथा स.स. डिभिजन कार्यालय, भरतपुर र बोर्डको संयुक्त लगानीमा चारकोठे कार्यालय भवन निर्माणाधिन
- कैलाशनगर खा.पा.आ. क्षेत्रमा २ कट्ठा क्षेत्रफल जग्गा खरीद
- कैलाशनगर खा.पा.आ. क्षेत्रमा डिप बोरीङ सहित खानेपानीका संरचनाहरु निर्माण सम्पन्न
- प्रेमबस्तीमा-कालिका खा.पा.आ.को ओभरहेड ट्याङ्कि तथा खानेपानीका अन्य संरचनाहरु अवस्थित जग्गा सँगै जोडिएर रहेको १ कट्ठा ५ धुर क्षेत्रफल जग्गा खरीद
- पटिहानी खा.पा. आ. क्षेत्रमा थप १६.८ कि.मि. थप पाईप लाइन बिस्तार
- भरतपुर २ आँपटारीमा खानेपानीका संरचनाहरु अवस्थित जग्गामा पुरानो जिर्ण पर्खाल भत्काई नयाँ निर्माण
- वोर्डलाई आफ्नो भौगोलिक कार्य क्षेत्रमा रही सहलगानी मार्फत खानेपानी तथा सरसफाई आयोजनाहरुमा थप विस्तार तथा सुदृढिकरण गर्न नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्रालयको नेपाल सरकार सचिवस्तरको नितीगत निर्णय भए अनुसार भरतपुर ११ मा धनगाढा सहलगानी खा.पा.आ.को निर्माण ठेक्का संझौता भई निर्माण कार्य जारी
- भरतपुर ११ मा रहेको जखडीमाई खानेपानी तथा सरसफाई आयोजनालाई थप विस्तार तथा सुदृढिकरण गर्न खानेपानी तथा ढल निकास विभागमा सहलगानी खा.पा.आ.को लागि प्रस्ताव पेश
- भरतपुर ५ लक्ष्मीपुर स्थित राममन्दिर व्यवस्थापन समितिले डिप वोरिङ्ग गरी खानेपानी लाईन विस्तार गर्न वोर्डलाई अन्दाजी १५ धुर जग्गा जग्गा मन्दिरकै स्वमित्वमा रहने गरी  उपलव्ध भएकोले गत आ.व.मा डिप वोरिङ्ग र ट्रान्सफर्मर सहित बिद्युत लाईन जडान गरीएको र यस बर्ष मोटर पम्प जडान गरी पानीको अभावग्रस्त केही क्षेत्रहरुमा पाईपलाईन विस्तार गरी नयाँ धाराहरु जडान
- वोर्डको कृष्णपुर स्थित कार्यालय परिसर भित्र रहेको ४५० घ.मी. क्षमताको ओभरहेड टंकीको पहिलो ब्रेसिङ्ग बिमको लेभलमा ट्रस राखि जि.आई. पाताको छानो निर्माण
- भरतपुर कार्यालय परीसर अगाडि  कर्मचारी बस्ने भवनको चुहिने छत मर्मत
- खानेपानी व्यवस्थापन वोर्डको Mobile Application को शुरुवात गरिएको
- महशुलमा प्रयोग गरिएको Software Update गरिएको
- बोर्ड अन्तर्गतका खानेपानीका ग्राहकहरुको समग्र बिवरण अध्यावधिक गरी ग्राहकहरुको मिटर रिडिङ्ग ठेली नक्शाङ्कन सहित अध्यावधिक गरिएको

आयोजना /कार्यक्रमगत रुपमा गरिएका कामहरुको बिस्तृत विवरण निम्नानुसार छन्

### १०.१ भरतपुर खानेपानी आयोजना सुधार विस्तार:

- महानगरपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा गरी कुल ६८.१५५ कि.मि. थप पाईपलाईन विस्तार
- धनगाढा पम्प स्टेशनको ५० के.भि.ए. क्षमताको ट्रान्सफरमर लाई यसै आ.व. बाट शुरु गरीएको लक्ष्मीपुर बोरीङ्ग स्टेशनमा जडान गरी उक्त स्थनमा १०० के.भि.ए. क्षमताको ट्रान्सफर्मर जडान
- भरतपुर- १० स्थित कार्यालय र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बिचको ईट्टाको पर्खाल भत्काई एम. एस. पोष्ट सहितका मेश जालीको छेकाबार निर्माण
- रिजालचोक स्थित डीप बोरीङ्ग स्थलको जमिन सतह होचो भई पानी जम्ने भएकाले  ग्राभेल राखी पुरिएको
- स्थानिय उपभोक्ता समिति मार्फत सञ्चालन ब्यबस्थापन गर्दै आएको भरतपुर मनपा ११ मा अवस्थित जखडीमाई खानेपानी आयोजनाको सम्पत्ति र दायित्व बोर्डमा हस्तान्तरण गरी लिएको

**वितरण प्रणाली थप भएका मुख्य स्थानहरु :**

| वडा नं. | स्थान | परिमाण (कि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | दियालो मार्ग, गंगोत्री मार्ग | ०.६५० | |
| २ | लक्ष्मी नारायण मार्ग | १.३०५ | |
| ३ | बिष्णुदेबी मार्ग, अद्धैत चोक | १.२५५ | |
| ४ | न्यूरोड, बाह्र घरे टोल, बिशालचोक, चिसापानी मार्ग | ५.१४५ | |
| ५ | तोरीखेतका बिभिन्न मार्ग, धारापानी टोल | १६.९८० | |
| ६ | अद्धैतचोक, यज्ञपुरी कुमाल बस्ति, ईन्द्रपुरीका बिभिन्न स्थान, | २.७५० | |
| ७ | विभिन्न स्थान | ५.८७० | |
| ८ | विभिन्न स्थान | १.४९० | |
| ९ | विभिन्न स्थान | १.७८५ | |
| १० | रमाईलो चोक, पुनम टेलर्स चोक, नहर टोल, नारायणी मार्ग, चित्रसेन टोल, जि.सिचाई कार्यालय मार्ग | ४.१४५ | |
| ११ | समन्वय टोल, गणेशस्थान मार्ग, बिद्युत सव स्टेशन नजिक, सल्लेरी टोल, कामना टोल, मनकामना टोल, अरनिको टोल, युटेक कलेज पूर्ब, जागृती टोल, शान्ती मार्ग, मुक्तिनगर टोल | ४.०२५ | |
| १२ | सेन्ट्रल टाउन टोलको ३ नं मार्ग | ०.५०० | |
| १३ | गङ्गानगर, सितामाई, ब्रम्हपुरी, मिलडाडा | ८.४०० | |
| १४ | बरौजी, सुन्दरबस्ती घोल पूर्ब | ४.६०० | |
| १५ | दशरथ नगर, बिश्व प्रकाश टोल | २.६६५ | |
| २२ | गर्भु टॉडि, चर्च मार्ग, घट्गाई | ३.८०० | |
| | **जम्मा** | **६७.६६५** | |

## १०.२ भरतपुर खानेपानी आयोजना मर्मत सुधारः

आ.व. २०७४।०७५ मा भरतपुर खानेपानी आयोजना मर्मत सुधार अन्तर्गत भएका मुख्य कार्यहरु यस प्रकार छन् ।

| क्र.स | मुख्य कार्यहरु | भरतपुर-१० कार्यालयबाट | कृष्णपुर-७ कार्यालयबाट | जम्मा |
|---|---|---|---|---|
| १ | ठूला लीक मर्मत | ३३४ | २४२ | ५७६ |
| २ | साना लीक मर्मत | ३४२ | ९७ | ४३९ |
| ३ | ग्राहकको धाराको होल परिबर्तन | १९० | २९ | २१९ |
| ४ | ग्राहकको धाराको लागत कट्टा गर्ने | २ | ० | २ |
| ५ | ग्राहकको धाराको मिटर सार्ने | | | ७४ |
| ६ | नयाँ मिटर बदलि गर्ने | ३७८ | ३४७ | ७२५ |
| ७ | पुरानो मिटर मर्मत कार्य | ५०३ | ९१ | ५९४ |
| ८ | ग्राहकको धारामा अस्थायी ल्पग गर्ने | १ | ० | १ |
| ९ | अन्य (गेट भल्भ मर्मत, सार्ने) | १४ | ५६ | ७० |
| १० | उल्लेखित कार्य बापत संकलित रकम | | | ५,८७,७०० |

- विभिन्न स्टेशनमा अवस्थित पानी तान्ने मोटर, पम्प, ट्रान्सफर्मर, प्यानल बोर्ड लगायत अन्य विद्युतिय उपकरणहरुको नियमित मर्मत संभार
- शरदपुर स्थित ८२.५ के.भि.ए.क्षमता र भरतपुर स्थित १०० के.भि.ए. क्षमताको २ वटा जेनरेटरहरु मर्मत
- विभिन्न स्थानमा रहेका ५ सेट जेनरेटरहरु नियमित रुपमा सर्भिसिङ्ग गरिएको
- बोर्डको भरतपुर- १० स्थित कार्यालय परिसरको घेरा पर्खालमा प्लाष्टर र रङ्गरोगन गरिएको

- डिभिजन सडक कार्यालयले र भरतपुर महानगरपालिका अन्तर्गतका विभिन्न सडकहरुको सुधार विस्तार मर्मत, सतही ढल निर्माण गर्ने क्रममा टुटफुट हुन गएका र जेसिविको प्रयोग गर्दा फुटेका उप्किएका पाईपहरुको मर्मत सुधार एवं प्रतिस्थापन गरिएको
- बोर्डको भरतपुर- २ स्थित आपटॅाडीमा खानेपानीका संरचनाहरु रहेको स्थानमा पुरानो र जीर्ण अवस्थाको घेरा पर्खाल भत्काई नयाँ निर्माण

## १०.३ धनगाडा खानेपानी आयोजनाः

- भरतपुर महानगरपालिका वार्ड नम्वर ९, ११, १२ लाई लक्षित गरी नेपाल सरकारको खानेपानी तथा ढल निकास विभाग र खानेपानी व्यवस्थापन वोर्डको सह लगानीमा धनगाढा खानेपानी आयोजनाको निर्माण कार्यको लागि ठेक्का संभ्कौता सम्पन्न भई पाईपलाईन विच्छ्याउने र खानेपानीका संरचनाहरु (ओभरहेड ट्याङ्की, सतही ट्याङ्की, कायाृलय भवन, डीप बोरीङ्ग र बिद्युतिय लाईन जडान) को निर्माण कार्य जारी

## १०.४ प्रेमवस्ती कालीका खानेपानी  आयोजनाः

- भरतपुर ७, प्रेमबस्ति क्षेत्रका विभिन्न स्थानहरुमा बिभिन्न मापका ५००० मिटर थप पाईपलाईन विस्तार
- खानेपानीको ओभरहेड ट्याङ्की र अन्य संरचनाहरु रहेको स्थानमा एक कार्यालय भवन र जेनेरेटर सेड निर्माण
- ८२.५ के.भि.ए. क्षमताको एक सेट जेनेरेटर खरीद
- खानेपानीको ओभरहेड ट्याङ्की र अन्य संरचनाहरु रहेको हालको जग्गा सगै १ कट्ठा ५ धूर जग्गा खरीद

## १०.५ कैलाशनगर खानेपानी आयोजना

- खानेपानी तथा सरसफाई डिभिन कार्यालय मार्फत डीप बोरीङ्ग निर्माण
- बोर्ड मार्फत ५० के.भि.ए. क्षमताको ट्रान्सफरमर सहित बिद्युत लाइल जडान, प्यानल बोर्ड घर, चेन पुल्ली स्ट्याण्ड निर्माण र बोरीङ्गमा मोटर पम्प जडान कार्य सम्पन्न
- कैलाशनगर र फुलवारीको विभिन्न स्थानहरुमा १४३० मिटर पाईपलाईन विस्तार

## १०.६ आनन्दपुर खानेपानी आयोजना

- आनन्दपुर, कल्याणपुर, लक्ष्मिपुर र मंगलपुरका सुख्खा र खानेपानी अभावग्रस्त क्षेत्रहरुमा कुल १४४२० मिटर थप पाईपलाईन विस्तार
- भरतपुर महानगरपालिका वडा नम्वर ५ लक्ष्मिपुर स्थित राममन्दिर व्यवस्थापन समितिले उपलव्ध गराएको १५ धुर क्षेत्रफल जग्गामा डिप बोरीङ्ग निर्माण गरी २५ एच.पि. को मोटर पम्प जडान गरी डिप बोरीङ्ग सञ्चालन

## १०.७ पटिहानी खानेपानी आयोजना

- खा.पा.तथा स.स. डिभिजन कार्यालय, चितवन मार्फत ९० मि.मि.को ३०० मिटर र ५० मि.मि. को २६०० मिटर गरी कुल २९०० मिटर एच.डि.पि.ई. पाईप खरीद गरी उपलब्ध
- बोर्ड मार्फत गंगानगर, बरौजी, सुन्दरबस्ती, ब्रह्मपुरी लगायतका वस्तीहरुमा गत आ. ब. मा १२९५० र यस आ. ब. मा १६८०० मिटर गरी कुल २९६५० मीटर पाईपलाईन विस्तार
- प्यानल बोर्ड/चौकीदार घर र चेनपुल्ली स्ट्याण्ड निर्माण लगायत १२.५ एच.पि. को मोटर पम्प जडान गरी १५२ वटा खानेपानीका धाराहरु जडान
- गत आ.ब.मा सम्पन्न पम्प स्टेशनमा विद्युत प्रशारण लाईन र ट्रान्सफर्मर जडान टि.ओ.डी. मिटर जडान कार्य
- वडा नं. १३ मा ३२, १४ मा ७४ र २२ मा ४६ गरी यस आ.ब.मा कूल १५२ नयाँ धाराहरु जडान

## १०.८ कार्यालय भवन मर्मत तथा सेड निर्माण

- कृष्णपुर स्थित कार्यालय परिसर भित्र रहेको ४५० घ.मी. क्षमताको ओभरहेड टंकीको पहिलो ब्रेसिङ्ग बिमको लेभलमा ट्रस राखि जि.आई. पाताको छानो निर्माण
- शरदपुर स्थित पम्प स्टेशनको अपरेटर घरको पर्खाल बाहिर राखिएको प्यानल बोर्ड र चेन्जओभर स्वीच लाई बर्षाको पानीबाट जोगाउन जस्ता को छानो निर्माण

## १०.९ वातावरणीय सरसफाई कार्यक्रम:

- वातावरणीय सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रम आयोजना गर्न बिभिन्न संघ संस्थालाई सहयोग
- विश्व वातावरण दिवस, पानी दिवस, हात धुने दिवस, लगायतका दिवसहरुमा विभिन्न कार्यालय र संघ संस्था संग समन्वय तथा सहभागिता
- भ.म.न.पा वडा नं. ११ लाई पूर्ण सरसफाईयुक्त वातावरण मैत्री वडा घोषणा गर्न भ.म.न.पा. र विभिन्न संघ संस्था संग समन्वयकारी भुमिका निर्वाह
- गत वर्ष यस वोर्डवाट पुलचोकमा निर्माण गरिएको शौचालयमा सोकेज पिटको क्षमता कम भएकोले थप अर्को सोकेज पिटको निर्माणको लागि आवश्यक सहयोग
- भरतपुर ५ आनन्दपुर स्थित श्री राष्ट्रीय प्रा.बि.को हाता भित्र सञ्चालित अ:सहाय सडक बालबालिका संरक्षण केन्द्र र भरतपुर ७ स्थित नगर प्लटिङ्गको खेल मैदानमा शौचालय निर्माण
- जैविक फोहर घरमै व्यवस्थापनको लागि भरतपुर महानगरपालिकाको विभिन्न टोलमा बोर्डबाट कम्पोष्ट च्याम्वरको प्रवर्द्धनको लागि ५० प्रतिशत रकम अनुदान दिई ३२ घरमा कम्पोष्ट च्याम्वर निर्माण

**कम्पोष्ट च्याम्वर वितरण गरिएका टोलहरु:**

| वडा नं. | टोलको नाम | संख्या (सेट) |
|---|---|---|
| १२ | सिद्धि बिनायक टोल | ६ सेट |
| ७ | शान्ती टोल | ११ सेट |
| ११ | नीलगिरी टोल | ५ सेट |
| ७ | उज्ववल टोल | १० सेट |
| | **जम्मा** | **३२ सेट** |

## १०.१.१ तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम:

- बोर्डको आम्दानी तथा खर्च, बार्षिक कार्यकम तथा सेवाशुल्कहरु लगायतका सूचनाहरु सेवाग्राही सम्म पुऱ्याउन विभिन्न पत्रपत्रिका, एफ.एम., टेलिभिजन, फ्लेक्स प्रिन्ट आदिबाट सार्वजनिकरण ।
- खानेपानी धाराहरुको ब्यापक अनुगमन गरि आ.ब २०७४।०७५ मा १३ जना ग्राहकहरुबाट रु. १,६६,२७० थप महशुल संकलन
- बोर्डको नीति अनुरुप थप महशुल बापत संकलित रकममध्ये २० प्रतिशत रकम अनुगमनमा खटिएका कर्मचारीहरु र सूचना दिने ब्यक्तिहरुलाई प्रोत्साहन स्वरुप प्रदान
- बोर्डमा आवद्ध सबै खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु, भरतपुर महानगरपालिका क्षेत्र भित्र खानेपानी सञ्चालन ब्यबस्थापन गर्ने अन्य केहि उपभोक्ता समितिका अध्यक्षहरु, केहि वडाका वडा अध्यक्ष र यसै बोर्डका बोर्ड सदस्यहरु समेतको सहभागिता रहेको खानेपानी सुरक्षा योजना सम्बन्धि एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजनाा
- बोर्डका चार जना कर्मचारीहरुदाई खानेपानी महशुल सम्बन्धि बिलिङ्ग सफ्टवेयर, ई सेवा प्रणलि र खानेपानी सुरक्षा योजना सम्बन्धमा अवलोकन भ्रमणका लागि लेखनाथ खा.पा.यो. र दमौली खा.पा.यो. मा अवलोकन भ्रमणमा पठाईएको

- खानेपानी तथा ढल निकाश बिभाग अन्तर्गतको पानी सुरक्षा शाखाबाट आयोजना गरीएको पानी सुरक्षा योजना सम्बन्धि दुई दिने तालिम कार्यक्रममा एक जना प्राबिधिक लाई सहभागी गराईएको

### १०.१.२ खानेपानी सुरक्षा योजना (Water Safety Plan)

- वोर्डको खानेपानी सुरक्षा योजना टोली लगायत वोर्डका विभिन्न पम्प स्टेशनमा कार्यरत पम्प अपरेटरलाई पानी सुरक्षा योजना सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रमको आयोजना ।
- भरतपर १० एअरपोर्ट बाट उत्तर तर्फ मनकामना अस्पताल र यातायात ब्यबस्था कार्यालय बिचको पाईप लाइन खण्डमा ग्राहकको धारा जडान पाईपबाट ढलको फोहर प्रबेश हुन गई खानेपानी प्रदुषण भएको पाईएकोले उक्त खण्डको ३०० मिटर बितरण पाईप लाईन प्रतिस्थापन गरी नयाँ पाईप बिच्छ्याइएको
- भरतपर २ आँपटारी क्षेत्रको मिलनटोलमा यस बोर्ड अन्तर्गतको पाईप लाइन खण्डमा ढलको फोहर प्रबेश हुन गई खानेपानी प्रदुषण भएको पाईएकोले उक्त खण्डको ३०० मिटर बितरण पाईप लाईन प्रतिस्थापन गरी नयाँ पाईप बिच्छ्याइएको
- जिल्ला स्थित WASH सेक्टरको नियमित वैठकमा सहभागीता जनाउदै बाढी पैरो जस्ता प्राकृतिक बिपत्तिका कारण हुन सक्ने खानेपानी प्रदुषण जोखिम न्युनिकरण र तात्कालिन अबस्थामा अपनाउनु पर्ने पूर्व तयारीका बिषयमा छलफल
- खानेपानी तथा ढल निकास बिभाग अन्तर्गतको पानी सुरक्षा शाखाबाट नगरकोटमा आयोजनामा गरिएको खानेपानी सुरक्षा योजना सम्बन्धि दुई दिने तालिममा वोर्डबाट  १ जना प्राबिधिक  लाई सहभागी गराईएको ।
- खानेपानी तथा ढल निकाश बिभाग अन्तर्गतको पानी सुरक्षा शाखाबाट खानेपानी गुणस्तरका केही प्यारामिटर मापन गर्ने एक सेट Wagtech kit प्राप्त भएको
- मालपोतचोक, रिजालचोक र आँपटारीमा Dosing Pump सहितको क्लोरिनेसन युनिट र भरतपुर, कृष्णपुर र नगरपालिका स्टेशनमा  Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने ब्यवस्था मिलाईएको
- गुणस्तर अनुगमनको लागि ३० जना ग्राहकहरुको धाराबाट मासिक रुपमा पानीको नमुना संकलन गरि गुणस्तर (धमीलोपना, पि.एच., रेजिड्युवल क्लोरिन, कोलिफर्म ब्याक्टेरीया) परिक्षण
- परिक्षणको नतीजा नियमित रुपमा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको
- बोर्ड अन्तर्गतको पाईप सञ्जालमा कहि कतै पाईप फुटेर बाहिरको प्रदुषित पानी बितरण सञ्जालमा प्रबेश गर्न सक्ने स्थानहरुमा खानेपानी सुरक्षा टोली तत्कालै परीचालित भएको

## ११. यस वोर्डले आ.व.२०७५।७६ मा गर्नुपर्ने कार्यहरु

### क) भरतपुर खा.पा.आ. सुधार विस्तार अन्तर्गत

- ग्राहकहरुको माग र आबश्यकता अनुसार सुख्खाग्रस्त र घना बस्ती भएका क्षेत्रहरुमा बोर्डको सेवा बिस्तार
- हाल सम्म प्राप्त निबेदन अनुसार  १५५४० मिटर पाईपलाईन विस्तारको लागि माग भएको
- भरतपुर स्थित ओभरहेड टंकीको आउटलेट वदल्नु पर्ने ।
- विद्यमान खानेपानी प्रणालीको सञ्जालको प्रोफाईल तयारी गर्ने ।
- आँपटारी स्थित स्टेशनमा ८२.५ के.भि.ए. क्षमताको जेनेरेटर खरीद गरी जडान गर्ने
- भरतपुर २ आपटाँडीमा आपटाँडी चेकपोष्टको पछाडी पट्टि जलदेबी सामुदायिक बन उपभोक्ता समिति सँगको समन्वयमा जग्गा प्राप्त गरी एक वटा डिप बोरीङ्ग निर्माण गर्ने
- भरतपुर कार्यालय परीशर भित्र मूख्य प्रबेशद्बार देखि कार्यालय भवन सम्म इन्टरलकिङ्ग मोजाइक टायल बिच्छ्याउने
- भरतपुर आँपटाडी चोक देखि केन्द्रिय बस पार्क सम्म बाईपास सडकको दुबै पट्टि बिच्छ्याईएका खानेपानीका मूख्य पाईप लाईन लाई हाल सुधार बिस्तार हुदै गरेको सडकको मापदण्ड अनुसार प्रतिस्थापन गर्नु पर्ने

## ख) धनगाडा खा.पा.आ.

- आयोजनाको ठेक्का रकम रु. १२,७७,८८,७८३।६२ ठेक्का सम्झौता भई पाइप लाईन तथा अन्य निर्माण कार्य जारी
- वोर्डले व्यहोर्नु पर्ने १६% रकम रु २,०४,४६,२०५।३७
- सम्पन्न निर्माण कार्यको मूल्याङ्कन भई पेश हुने बिल भुक्तानी गर्ने

## ग) प्रेमवस्ती खा.पा.आ.

- ग्राहकहरुको माग र आबश्यकता अनुसार १७७० मिटर नया पाईपलाईन विस्तार गर्ने
- निर्माणधिन कार्यालय भवनको बाकि कार्यहरु सम्पन्न गर्ने ।
- उपभोक्ता समिति सँग संझौता भई खरिद प्रक्रियामा रहेको ८२.५ के.भि.ए. क्षमताको जेनरेटर खरीद पश्चात जडान गर्ने
- भत्किएको कम्पाउण्ड वाल निर्माण गर्नुपर्ने

## घ) कैलाशनगर खा.पा.आ.

- टि.ओ.डि. मिटर जडान गरी गत आ.ब. मा निर्माण भएको डिप वोरिङ्ग सञ्चालन गर्ने
- ग्राहकहरुको माग र आबश्यकता अनुसार कैलाशनगर फुलबारी क्षेत्रमा ४७०० मिटर नया पाईपलाईन विस्तार गर्ने

## ङ) आनन्दपुर खा.पा.आ.

- ग्राहकहरुको माग र आबश्यकता अनुसार ३५६० मिटर नया पाईपलाईन विस्तार गर्ने

## च) लक्ष्मीपुर खा.पा.आ.

- ग्राहकहरुको माग र आबश्यकता अनुसार ३९०० मिटर नया पाईपलाईन विस्तार गर्ने

## छ) पटिहानी खा.पा.आ.

- गत आ.ब. मा बिच्छ्याइएको १६.८ कि.मि.पाईपलाईन अन्तर्गत पर्ने नहर, कुला, नालाहरुमा जि.आई. पाईप मार्फत क्रसिङ्ग गर्ने
- ग्राहकहरुको माग र आबश्यकता अनुसार ३२०० मिटर नया पाईपलाईन विस्तार गर्ने

## ज) मंगलपुर खा.पा.आ

- गत आ.ब. मा खा.पा. तथा स.स.डि.का. मार्फत मोटर पम्प सहितको डिप बोरीङ्ग सञ्चालन गर्न ग्राहकहरुको माग र आबश्यकता अनुसार नयाँ पाइप लाईन विस्तार गर्ने
- टि.ओ.डि. मिटर जडान गरी गत आ.ब.मा निर्मित डिप बोरीङ्ग सञ्चालन गर्ने
- ग्राहकहरुको माग र आबश्यकता अनुसार १३२४० मिटर नया पाईपलाईन विस्तार गर्ने

## झ) जखडीमाई खा.पा.आ.

- टि.ओ.डि. मिटर जडान गरी गत आ.ब.मा निर्मित डिप बोरीङ्ग सञ्चालन गर्ने
- सहलगानी कार्यक्रम प्रस्ताव स्विकृत भई निर्माण ठेक्का संझौता सम्पन्न

### ञ) सहलगानी खा.पा.आ

- सहलगानी आयोजनाहरुमा ६१४० मिटर नयाँ पाईपलाईन विस्तार गर्ने

### ट) भवन मर्मत, रङ्गरोगन र टहरा निर्माण

- भरतपुर स्थित कार्यालय भवन को छतमा ट्रसको छाना छाउने
- भरतपुर स्थित कार्यालय भवन र कार्यालय भवन पछाडी पट्टि अवस्थित ८०० घन मिटर क्षमताको सतही पानी ट्याङ्कीमा रङ्ग रोगन गर्ने
- भरतपुर स्थित कार्यालय भवन परीशरमा अफिसको पिक अप भ्यान पार्किङ्गका लागि टहरो निर्माण गर्ने

## १२. भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators)

### १२.१ औसत खपत अंक:

उपलब्ध बिवरण:

आ.ब. २०७३/०७४ आषाढ मसान्तको ग्राहक संख्या २२३१७ मध्ये ठेगाना पत्ता नलागेका ७५४ गरी बाकि २१५६३

आ.ब. २०७४/०७५ आषाढ मसान्तको ग्राहक संख्या २५०८५ मध्ये ठेगाना पत्ता नलागेका ७५४ गरी बाकि २४३३१

आ.ब. २०७३/०७४ आषाढ मसान्तको कुल पानी खपत रु. ५५२३५६७ इकाई

आ.ब. २०७३/०७४ आषाढ मसान्तको कुल बिलिङ्ग रकम रु. ८५७८४४९९

उपरोक्त बिवरणका आधारमा

आ.ब. २०७४।०७५ को मिटर रिडिङ्गको आधारमा प्रति ग्राहक प्रति महिना औसत खपत अंक २०.२२ युनिट र बिलिङ्को आधारमा २१.८९ युनिट छ। गत बर्ष पनि यो अंक क्रमश: १९.९४ र २१.४७ नै थियो। आ.ब. २०७३।०७४ को चुहावट दर २५ प्रतिशत रहेको छ।

### १२.२ औसत बिलिङ् रकम:

यस बर्ष प्रति ग्राहक प्रति महिना औसत बिलिङ रकम रु.२८९.०० हुने अनुमान गरि महशुल अनुमान गरिएकोमा यथार्थ बिलिङ रकम रु.३१३।८९ रहेको छ।

### १२.३ महशुल असुली तथा बक्यौताको स्थिति:

बि.सं. २०७५ साल आषाढ मसान्तमा विभिन्न ग्राहकहरुबाट रु. १ करोड ३५ लाख १ हजार २७२ पानी महशुलको रकम उठ्न बाकी रहेको छ। यो रकममध्ये करीब रु. २०,२५,०००।- अघिल्ला बर्षहरुको बक्यौता रकम हो। अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये ग्राहक कायम भएका तर घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र गएका, धारा फेला पर्न नसकेका र कार्यालय नै बन्द भईसकेका सरकारी कार्यालयहरु, ग्राहकको नम्बर डबल परि बक्यौता देखिन गएको, लागत कट्टा भई सकेका ग्राहकको पनि न्युनतम बिलिङ् भईरहेको आदी कारणहरुले ७५४ ग्राहकहरुबाट रु. ५ लाख ८६ हजार ८५५ बक्यौताको रुपमा रही आएको छ। यस प्रकृतिको बक्यौता बोर्डबाट निर्णय गरि लागतबाट हटाउन मनासिब देखिन्छ।

विशेष गरी वडा नं. १, २, ३,४ र १० का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी छ। यस आर्थिक बर्षको अन्तमा करीव २ महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ। यसबाट महशुल असुलीमा सुधार भएको देखिन्छ। यस प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators) तयार गरिएको छ। उक्त सूचकहरुको सारांश यस प्रकार छ।

# प्रमुख सूचकहरु (Key Performance Indicators)

| विवरण | आ.ब. | | | | कैफियत |
|---|---|---|---|---|---|
| | २०७१।०७२ | २०७२।०७३ | २०७३।०७४ | २०७४।०७५ | |
| औषत ग्राहक संख्या (१/२" ) | १६७१५ | १८१५४ | २०३०७ | २२७६५ | |
| सेवा पुगेको जनसंख्या | १०५००० | ११५००० | १३३८८३ | १५१२५३ | |
| सेवा पुगेको जनसंख्या, प्रतिशत | ४५ | ४८ | ३९ | ४३ | |
| दैनिक सरदर पानी उत्पादन, लिटर | १६०००००० | १६७००००० | १८७००००० | २०५००००० | |
| दैनिक सरदर पानी विक्री, लिटर | ११२००००० | ११७७०००० | १३५००००० | १५३४०००० | |
| मिटर भएको धाराको प्रतिशत | ९९ | ९९.५ | ९९.५ | ९९.५ | |
| चुहावट, प्रतिशत | ३० | २६ | २५ | २५ | |
| पानी सप्लाई समय, घण्टा | १० | ११ | १२ | १२ | |
| पानी नचल्ने धाराहरुको प्रतिशत | छैन | छैन | छैन | छैन | |
| प्रति व्यक्ति उत्पादन/बिक्रि, लिटर | १६०/१११ | १५८/११७ | १५९/१२३ | १५५/१२५ | |
| प्रति युनिट इन्धन दर रु. (जेनरेटर सहित) | ७.४४ | ७.२० | ७.६३ | ८.०१ | |
| प्रति ग्राहक औषत खपत (रिडिङ अनुसार/बिल अनुसार) | १८/२० | १९/२० | १९.९४/२१.४७ | २०.२२/२१.८९ | |
| **प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | ३.६८ | ३.५८ | ३.८३ | ३.८९ | |
| कर्मचारी खर्च रु. | ३.२७ | ३.३३ | ३.६१ | ३.४४ | |
| प्रशासनिक खर्च रु. | ०.७१ | ०.७१ | ०.६७ | ०.६७ | |
| मर्मत संभार, खर्च रु. | ०.९४ | १.०६ | १.३५ | ०.९५ | |
| नियमित सुधार विस्तारमा लगानी, रु. | ५.९४ | ६.५४ | ६.३९ | ११.३० | |
| जम्मा प्रत्यक्ष खर्च, रु. | १४.५४ | १५.२२ | १५.८५ | २०.२५ | |
| अप्रत्यक्ष खर्च (उपदान, ऋण, सापटी र ह्रासकट्टी) रु. | ३.२६ | ३.२७ | ३.२२ | ३.०९ | |
| प्राबिधिक परामर्श र बिभिन्न छुटहरु, रु. | | | | ०.४३ | |
| ऋणको साँवा व्याज रु. | २.२६ | २.१७ | २.३९ | १.६७ | |
| **जम्मा खर्च रु.** | **२०.०६** | **२०.६६** | **२१.४६** | **२५.४४** | |
| **प्रति यूनिट आम्दामी** | | | | | |
| पानी महशुल, रु | १३.०७ | १४.४८ | १४.९७ | १५.५३ | |
| अन्य आम्दामी, रु. | २.८४ | ३.३१ | ४.८२ | ४.३८ | |
| जम्मा आम्दानी (प्रति युतिट) रु | १५.९१ | १७.७९ | १९.७९ | १९.९१ | |
| प्रति युनिट घाटा रु | **४.१५** | **२.८७** | **१.६७** | **५.५३** | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने संचालन खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | ७४.६५ | ६९.६४ | ७६.४२ | ७८.५७ | |
| कर्मचारी खर्च रु. | ६६.४९ | ६४.८६ | ७२.११ | ६९.६८ | |
| प्रशासनिक खर्च, रु. | १३.४८ | १३.८२ | १३.३६ | १२.५१ | |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | १९.७१ | २०.६३ | २५.५६ | २५.३८ | |
| **जम्मा संचालन खर्च, रु.** | **१७४** | **१६९** | **१८७** | **१८६.१४** | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने ओभरहेड खर्चहरु** | | | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | २.८५ | ३.६७ | ६.१५ | ५.४९ | |
| वितरण लाईन तथा उत्पादन क्षमता विस्तारमा लगानी | १२०.५८ | १२७.३१ | १२७.४४ | २२८.६२ | |
| **सापटी फिर्ता, ऋणको साँवा ब्याज भुक्तानी, रु.** | | | | | |
| ह्रासकट्टी खर्च, रु. | ६३.६८ | ५९.८८ | ५४.९८ | ५०.९५ | |
| खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क, रु. | १.०० | २.४४ | २.५६ | २.७३ | |
| **जम्मा ओभरहेड खर्च रु.** | **१८८** | **१९३** | **१९१.१३** | २८७.७९ | |
| **कुल जम्मा खर्च, प्रति ग्राहक प्रति महिना रु.** | **३६२** | **३६२** | **३७८.१३** | ४७३.९३ | |
| **प्रति हजार ग्राहक बराबर कर्मचारी संख्या** | **३.०५** | २.७७ | २.१४ | **२.१** | |
| **प्रति ग्राहक प्रति महिना औषत आम्दामी, रु.** | | | | | |
| महशुल आम्दामी, रु. | २६५ | २८७ | २९८.६० | ३१४ | |
| अन्य आम्दामी, रु. | ५७.६ | ६४ | ९६.१९ | ८८.६७ | |
| जम्मा आम्दामी, रु. | **३२३** | **३५१** | **३९४.७९** | ४०२.६७ | |
| **प्रति ग्राहक घाटा, रु.** | -४० | **-११** | -१६.६६ | **-७१.२६** | |
| **संकलन अवधि, दिन** | **६०** | **५५** | **६०** | **६०** | |

# अनुसूची १

महशुल निर्धारण आयोग वाट २०७० फाल्गुन १ गते बाट लागु हुने गरी निर्धारण गरिएको भरतपुर खानेपानी व्यवस्थापन बोर्डको नँया महशुल दर

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२" | निजि/घरायसी | १०००० | १०० | १८ |
| १/२" | संस्थागत | १०००० | १३५ | २० |
| ३/४" | निजि,संस्थागत | २७००० | ९७५ | ३० |
| १" | निजि,संस्थागत | ५६००० | २०२० | ३० |
| पाईप साइज | धारा किसिम | मिटर नभएको धाराहरु | | थप शाखा धाराहरु |
| १/२" | निजि/घरायसी | २४००० | ८१० | ३०० |
| १/२" | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४" | निजि,संस्थागत | ६५००० | २७०० | २००० |
| १" | निजि,संस्थागत | १३५००० | ५४०० | ३३०० |

अन्य सेवा शुल्कहरु

| क्र. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रु. |
|---|---|---|
| १ | निवेदनशुल्क | २००.०० |
| २ | धारा जडान शुल्क (क) | ४०००.०० |
| ३ | धरौटी | १०००.०० |
| ४ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ५ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ६ | ठाउँसारी | २७००.०० |
| ७ | होलचेन्ज दस्तुर | ५००.०० |
| ८ | १/२" जि.आई. पाईप | परल मुल्य |
| ९ | मिटर बिक्री, १/२" (ख) | परल मुल्यमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| १० | फेरुल बिक्री,१/२" (ग) | परल मुल्यमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| ११ | ग्रहक कार्ड बिक्री | १०.०० |
| १२ | ग्रहक नम्बर प्लेट दस्तुर | १००.०० |

(क) समूहगत धारा तथा नेपाल सरकारको अधिकारिक निकायबाट विपन्न परिवार भनि परिभाषित भएको व्यक्तिलाई १/२" धारा जडान शुल्क र धरौटी रकममा ५०% छुट दिईनेछ।

(ख) १/२ " भन्दा ठूलो धाराको हकमा जडान खर्च, धरौटी, नामसारी, ठाँउसारी र होलचेन्ज शुल्क लिँदा १/२ " धाराको दररेटमा ३/४ " र १" को लागि क्रमशः २.२५ र ४.०० ले गुणा गरि लिईनेछ।

(ग) ग्राहकहरुले गुणस्तरीय मिटर बजारबाट समेत खरिद गर्नसक्ने।
(घ) ग्राहकहरुले गुणस्तरीय फेरुल बजारबाट समेत खरिद गर्नसक्ने।

## वोर्डका विविध गतिविधी सम्वन्धी केही फोटोहरु



आदरणीय खानेपानी मन्त्रीज्यूलाई वोर्डको कार्यालयमा स्वागत गर्दै ।



वोर्डका कर्मचारी लिक मर्मत कार्यमा ।




महानगरपालिका क्षेत्रभित्र खानेपानी ब्यबस्थापन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम



चहावट नियन्त्रण कार्यक्रम अन्तर्गत ग्राहकको मिटर चेक गर्दै



धनगाढा सहलगानी खानेपानी आयोजनको वारेमा छलफल कार्यक्रम



वोर्डका कर्मचारी लिक मर्मत गर्दै




विश्व पानी दिवसको कार्यक्रममा वोर्डवाट सहभागी जनाउदै




अनलाईन विलिङ्ग सिस्टमको वारेमा जानकारी लिनको लागि पोखरा लगायतको खानेपानी आयोजनाको अवलोकन भ्रमण



लक्ष्मिपुर खा.पा.आ.मा डिप वोरिङ्ग गर्न मेसिन जडान गरिंदै



आदरणीय नगर प्रमख र उप-प्रमख ज्यलाई वोर्डमा स्वागत गर्दै



आदरणीय नगर प्रमुख र उपप्रमुख लाई वोर्डको वारेमा जनकारी गराउदै कार्यकारी निर्देशक




आदरणीय नगर प्रमुखज्यवाट लक्ष्मिपुर खा.पा.आ.उद्घाटन



वोर्डको पानी परिक्षण प्रयोगशाला



स्टाफ मिटिङ्ग



कार्यालय सरसफाई गर्दै वोर्डका कर्मचारी



लिक मर्मत गर्दै